# वाइ-फाइ सूचना सम्प्रेषण सुरक्षाबारे सचेत रहनुहोस्

हालैमा वाइ-फाइ सेवा धेरै प्रचलित भइरहेको छ। प्रयोगकर्ताहरूले आफ्नो नोटबुक कम्प्यूटर, पर्सनल डिजिटल एसिस्टेन्ट, ह्यान्डसेट, स्मार्ट फोन तथा पोर्टेवल इलेक्ट्रोनिक प्लेयरहरूको प्रयोगद्वारा सार्वजनिक वाइ-फाइ हटस्पटहरूका माध्यमबाट इन्टरनेटमा पहुँच पाउन सक्छन्। तैपनि, सूचनाहरू रेडियो तरंगद्वारा सम्प्रेषण गरिइने भएकोले, यदि एन्कृपशन गरिएको छैन भने यसलाई बीचमा रोक्न सकिनेछ। गोपनीयता सुनिश्चित गर्न, तपाईंले सार्वजनिक वाइ-फाइ सेवा प्रयोग गर्दा निम्न सावधानीहरू अपनाउनुपर्छ:

- संवेदनशील वा व्यक्तिगत सूचनाहरू पठाउनबाट जोगिनुहोस्;
- सकेसम्म एन्कृपशन मापदण्डहरू जस्तै WPA वा WPA2 प्रयोग गरेर एन्कृप्ट कनेक्शन पर्याप्त गर्नुहोस्;
- वेबपृष्ठहरूमा सकेसम्म एन्कृपशन गरिएको सुचनाहरू पठाउनसक्ने "https" वेबपृष्ठहरूको प्रयोग गर्नुहोस्;
- तपाईंको ल्यापटप कम्प्यूटरको लागि फायरवाल, एन्टि-स्पायवेर तथा एन्टिभाइरस सफ्टवेरहरू राखेर नियमित रुपमा तपाईंले प्याच अध्यावधिक गर्नुहोस्;
- तपाई अनलाईन नहुँदा, वाइ-फाइ तथा ब्लुटूथ जस्ता जडान कार्यहरू बन्द गरेर राख्नुहोस्;
- अज्ञात वाइ-फाइ वायरलेस सञ्जाल, अथवा कुनैपनि सुरक्षा साधनरहित वाइ-फाइ पहुँच पोइन्टहरूमा जडान नगर्नुहोस्।

**संचार प्राधिकरण कार्यालय**

**1 अप्रेल 2012**